हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७८ साल जेष्ठ महिनाको ०३ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | राज कुमार दास | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७८।०२।०३

छलफलका लागी पेश भएका प्रस्तावहरु

१. सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
२. विद्यालयमा सि.सि. क्यामरा जडानको वापतको अनुदान रकम सम्बन्धमा ।
३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको डिजाइन संशोधन सम्वन्धमा ।
४. डि.पि.आर. सम्वन्धमा ।
५. नारी दिवश कार्यक्रमको खर्च सम्वन्धमा ।
६. योजना संशोधन कार्य सम्वन्धमा ।
७. श्री लक्ष्मीनाथ युवा क्लवलाई अनुदान रकम दिने सम्वन्धमा ।
८. कथवनिया सामुदायिक भवन सम्वन्धमा ।

निर्णय नं. १

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस चालु आ.व. ०७७०७८ मा पालिकाको सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरु लाइ निशुल्क सेनिटरी प्याड वितरणका लागि वित्तिय हस्तान्तरण भई आएका रकम कार्यान्वयन प्रकृयामा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यमा आवश्यकता अनुसार समन्वय, सहजिकरण र अनुगमन गर्न सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि- २०७६ बमोजिम यस हरिपुर नगरपालिकामा तपसिल अनुसारको नगर स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : श्री रेनुका देवि काफ्ले (नगर उपप्रमुख)
२. सदस्य : श्री सुनैना देवी चौधरी (कार्यपालिकाका महिला सदस्य)
३. सदस्य : श्री विकाउ महतो (स्वास्थ्य शाखा संयोजक)
४. सदस्य : श्री रामऔतार चौधरी (विद्यालयका सम्पर्क व्यक्ति)
५. सदस्य : श्री सत्य नारायण चौधरी (विद्यालयका सम्पर्क व्यक्ति)
६. सदस्य : श्री अनिता भट्टराई (महिला तथा वालवालिका शाखा अधिकृत)
७. सदस्य सचिव : श्री नागेश्वर राय (शिक्षा अधिकृत)

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७८।०२।०३

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको **विद्यालयमा सि.सि. क्यामरा जडानको वापतको अनुदान रकम** सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस चालु आ.व. २०७७।०७८ मा पालिकाको सवै सामुदायिक माध्यमिक विद्यालयहरुमा सि.सि. क्यामरा जडानका लागि नगरकार्यपालिकाको मिति २०७७।११।१७ गतेमा निर्णय भएकोमा देहाय बमोजिमको विद्यालयहरुले प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सम्वन्धीत प्राविधिकसँगको सम्वन्धमा सि.सि. क्यामरा जडान गर्ने गरी विद्यालयहरुलाई प्रति विद्यालय ३,००,०००।०० का दरले पेश्की निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको डिजाइन संशोधन** सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा श्री महावीर जनता मा.वि. हरिपुर-२, सर्लाहीलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, अन्तर्गत २ कोठे ट्रस भवन निर्माणको योजना स्वीकृत भएकोले विद्यालय ब्यवस्थापन समितिको मिति २०७८।०२।०३ गतेको निर्णय अनुसार विद्यालय हातामा जमिनको अभाव रहेको विधार्थीको चाप उच्च रहकोले साथै विद्यालय हाता भित्रको उत्तर पुर्व कुनामा रहेको ४ कोठे भवनमा प्राविधिक धारको कक्षाहरु संचालन भई रहेको र प्राविधिक धारको कक्षाहरु (कक्षा ११ र १२ को लागी) आवश्यक रहेको हुँदा २ कोठे ट्रस्ट भवन उक्त ४ कोठे पक्की भवन माथी निर्माण गर्न श्री महावीर जनता माध्यमीक विद्यालयको प.सं. २०७७।०७८ च.नं. १४३ मिति २०७८।०२।०३ गतेको पत्रानुसार हरिपुर नगरपालिकाको प्राविधिकबाट डिजाईन गराई प्राविधिक धारको कक्षाको छतमा २ कोठे ट्रस्ट निर्माण गर्न ब्यवस्थापन समितिसँग सम्झौता गरि कार्यान्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको डि.पि.आर. सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ३ फरहदवा स्वास्थ्य चौंकीमा १५ शैयाको अस्पताल संचालन गर्ने स्वास्थ्य मन्त्रालयबाट भवन निर्माण सम्वन्धी प्रस्ताव स्वीकृत भई आएको र सो कार्य गर्न डि.पि.आर. गर्नुपर्ने नितान्त आवश्यक परेकोले उक्त कार्य गर्न देहाय बमोजिमको कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७८।०२।०३

देहाय बमोजिमको योजना

| क्र.सं | स्वीकृत भएको योजनाको नाम | कार्यान्वय स्थान | खर्च शिर्षक नं. | विनियोजन रकम रु. | हाल संशोधन योजना र कार्यक्रम | विनियोजन रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम खर्च ( लैगिक बजेट परिक्षण चौमासिक तथा वार्षिक समिक्षा र सुशासन सम्वन्धी कार्यक्रम सार्वजनिक सुनवाई सामाजिक परिक्षण वार्षिक बजेट तथा कार्यक्रम प्रकाशन र प्रशारण आदि) | आवश्यकता र औचित्यको आधारमा नगरकार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने | २२५२२ | २०,००,०००।०० | हरिपुर नगरपालिका वडा नं. ३ फरहदवा स्वास्थ्य सेवा केन्द्रको १५ शैया अस्पतालको डि.पि.आर. तयार | २०,००,०००।०० |

## निर्णय नं. ५

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको नारी दिवशको कार्यक्रम खर्च सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको महिला विकास शाखाबाट २०७७ साल फागुन २४ गते अन्तराष्ट्रिय विश्व नारी दिव कार्यक्रम सम्पन्न भएको र उक्त कार्यक्रममा रु. ३०,०००।०० रकम खर्च भएकोले नगरपालिकाको छैठौ नगरसभाको सि.नं. ३३ मा सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च शिर्षक २२५१२ मा रु. १३,००,०००।०० रकम विनियोजिन भएको हुँदा उक्त शिर्षकबाट रु. ३०,०००।०० रकम महिला विकास शाखाका कर्मचारी श्री अनिता भट्टराईलाई भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको योजना संशोधन कार्य सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ४ विलट चौधरीको घर देखि ठगनीको घर सम्म छैठौ नगरसभाबाट स्वीकृत भई आएको योजना सम्झौता र कार्यदेश भई सो ठाउँमा योजना संचालन भएको र स्वीकृत भएको रकम सो ठाउँमा काम गर्ने ठाउँको अभाव भएको उपेन्द्रको घर देखि देवनारायणको घर सम्म १२ मिटर कार्य गर्न अति आवश्यक रहेकोले सोही बजेटको परिधि भित्र कार्य गरेकोले लागत अनुमान तथा कार्यसम्पन्न र प्रतिवेदनको आधारमा विलट चौधरीको घर देखि ठगनीको घर सम्म सडक ढलान कार्य उपभोक्ता समितिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

मिती २०७८।०२।०३

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको श्री लक्ष्मीनाथ युवा क्लवलाई अनुदान रकम दिने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ७ श्री लक्ष्मीनाथ युवा क्लव हरिपुरले प्रदेश स्तरिय भलिवल प्रतियोगिता कार्यक्रम सम्पन्न गरेकोले यस नगरपालिकाको छैठौ नगरसभाको पेज नं. ९ सि.नं. ४४ मा हरिपुर नपा क्षेत्रभरी युवा तथा खेलकुद विकास कार्यक्रमको खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ६,००,०००।०० विनियोजन रकम मध्येबाट रकम रु. १,००,०००।०० श्री लक्ष्मीनाथ युवा क्लव हरिपुरलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कथवनिया सामुदायिक भवन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा कथवनिया सामुदायिक भवनको प्रदेश सरकारको समपुरक कोषको कार्यक्रममा छैठौ नगरसभाबाट स्वीकृत भएको योजनामा प्रदेश सरकारको ५० प्रतिशत बरावरको रकम रु. २०,००,०००।०० र यस नगरपालिकाको म्याचिंग शिर्षकबाट रु. २०,००,०००।०० जम्मा रकम रु. ४०,००,०००।०० कथवनिया सामुदायिक भवन निर्माण गर्ने निर्णय गरियो ।